Nepali

भारतको संविधान

प्रस्तावना

हामी भारतका जनता भारतलाई एउटा [1][सार्वभौमसत्ता सम्पन्न समाजवादी धर्मनिरपेक्ष लोकतन्त्रात्मक गणराज्य] बनाउनका लागि तथा यसका सबै नागरिकलाई

सामाजिक, आर्थिक अनि राजनैतिक **न्याय,**

विचार, अभिव्यक्ति, विश्वास, आस्था अनि उपासनाको **स्वतन्त्रता,**

प्रतिष्ठा अनि अवसरको **समानता**

प्राप्त गराउनका लागि तथा उनीहरूबिच व्यक्तिको गरिमा

अनि [2][राष्ट्रको एकता अनि अखण्डता] सुनिश्चित गर्ने **भ्रातृत्व** बढाउनका लागि

दृढसङ्कल्प भएर हाम्रो यस संविधान सभामा आज इसवीय मिति २६ नोभेम्बर १९४९-मा यसद्वारा यो संविधान अङ्गीकरण, अधिनियमन अनि आत्मार्पण गर्दछौं।

---

[1] संविधान (बयालीसौं संशोधन) अधिनियम, १९७६-को धारा २-द्वारा (३.१.१९७७-देखि) "**सार्वभौमसत्ता सम्पन्न लोकतन्त्रात्मक गणराज्य**" का स्थानमा प्रतिस्थापित।

[2] संविधान (बयालीसौं संशोधन) अधिनियम, १९७६-को धारा २-द्वारा (३.१.१९७७-देखि) "राष्ट्रको एकता"-का स्थानमा प्रतिस्थापित।